२०८१ चैत्र ३०　　　　कार्यपालिका बैठक कक्ष　　　　बैठक संख्या: १२/२०८१/०८२

आज मिति २०८१ चैत्र ३० गते शनिबारका दिन सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

*तपसिल:*

| | |
|---|---|
| श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री रेवत बहादुर बुढाथोकी | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| — श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| — श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| — श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री तिर्था पुन | सदस्य, सिस्ने गांउँ कार्यपालिका |
| — श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| — श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

*अन्य उपस्थिति:*

श्री अरुण कुमार ओली　　　　प्रशासन शाखा प्रमुख

CamScanner

२०८१ चैत्र ३० कार्यपालिका बैठक कक्ष बैठक संख्या: १२/२०८१/०८२

प्रस्तावहरु:

१. गत कार्यपालिकाको बैठकको निर्णय कार्यान्वयनको समिक्षा ।

२. सिस्ने गाउँपालिका वडा नं. ५ कित्ता नं. ६ र कित्ता नं. ४४२ जम्मा क्षेत्रफल १०१-११-०-२ रोपनी जग्गा नेपाली सेनाको नाममा उपलब्ध गराउने ।

३. रुकुमकोट, रुकुम पूर्वी भाग मा नेपाली सेनालाई जग्गा उपलब्ध गराउन आवश्यक पहल गर्ने ।

४. उन्नत जातको बोयर बोका वितरण मापदण्ड, २०८१ ।

५. सिस्ने गाउँपालिका वडा नं ५, रुकुमकोट बसपार्क जग्गा प्राप्ती ।

६. सिस्ने गाउँपालिका वडा नं ५, रुकुमकोट बसपार्क जग्गा प्राप्ती सम्बन्धमा आवश्यक सहजीकरणको लागि अनुरोध गर्ने ।

**निर्णय नं. १.**

गत कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिकाको सबै निर्णय कार्यान्वयन भएको पाइयो ।

**निर्णय नं . २**

नेपाल सरकार, रक्षा मन्त्रालय, नेपाली सेना, चण्डीदल गण, सुरक्षा गुल्मको प.सं. १३८३८/प्रवन्ध/१००८१/८२/१३८४, मिति २०८१/१२/२६ गतेको पत्रको सम्बन्धमा पढी वाची ब्यापक छलफल गरीयो । सो पत्र बमोजिम रुकुम (पूर्वी भाग) जिल्ला सिस्ने गाँउपालिका वडा नं. ५ (साविक शोभा गा.बि.स. वडा नं. ७) मा अवस्थित उत्तरमा रुकुमकोट सभाहल (हाल निर्माणाधिन अवस्था), पूर्वमा मध्य पहाडी लोकमार्ग, दक्षिणमा युद्ध संग्राहलयको जग्गाले छुट्याएको र पश्चिममा रुमालबारा जाने कच्ची बाटोको चार किल्ला भित्र पर्ने नेपाल सरकार सार्वजनिक (गौचरण) जग्गा **कित्ता नं. ६ को क्षेत्रफल १६-२-१-२ रोपनी** र **कित्ता नं. ४४२ को क्षेत्रफल ८५-८-३-० रोपनी गरी जम्मा क्षेत्रफल १०१-११-०-२ रोपनी** जग्गा नेपाली सेनाको नाममा जग्गा प्राप्ति प्रकृया भैरहेकोले उक्त जग्गा **"सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धि मापदण्ड, २०७७"** को दफा ४ अनुसार हाललाई बढीमा ३० (तिस) वर्षको लागिसम्म नेपाली सेनाको नाममा प्रयोगमा उपलब्ध गराउने ।

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रोकी
गा.पा. अध्यक्ष

साथै माथी उल्लेखित विवरणको जग्गा विपद्को समय तथा अन्य अवस्थामा स्थानिय तहको प्रयोजनको लागि आवश्यक नपर्ने, सर्वसाधारणको जनजीवनमा साथै स्थानियहरूको सामाजिक, धार्मिक र संस्कृतिमा समेत असर नपर्ने भएकोले नेपाल सरकारको प्रचलित नियम, कानून र मापदण्ड अनुसार नेपाली सेनाको नाममा स्वामित्व हस्तान्तरण सहित भोगाधिकार **जग्गा प्रयोग उपलब्ध** गरिदिदाँ कुनै बाधा फरक नपर्ने भनि सिफारिस गर्ने ।

**निर्णय नं . ३**

निर्णय नं १ .मा उल्लेखित जग्गा प्राप्ति प्रकृयामा नेपाली सेनालाई आवशयक परेको खण्डमा यस सिस्ने गाउँपालिका कार्यालयको तर्फबाट थप आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने ।

**निर्णय नं. ४,**

पशुपंक्षी विकास शाखाले पेश गरेको उन्नत जातको बोयर बोका वितरण मापदण्ड, २०८१ स्वीकृत गरियो ।

**निर्णय नं. ५,**

सिस्ने गाउँपालिका वडा नं ५, काजिन्दा, रुकुमकोट मा रहेको बसपार्कको जग्गा तत्कालिन सिस्ने हिमाल बस तथा मिनीवस यातायात समिति मुसीकोट -०१, रुकुमको नाममा दर्ता श्रेस्ता कायम भएको र उक्त समिति निस्क्रिय रहेकोले उक्त जग्गाको स्वामित्व सिस्ने गाउँपालिकाको नाममा कायम गरी तत्काल बसपार्क सञ्चालनको आवश्यक कार्य गर्न देहाय बमोजिमको समिति गठन गरी जिम्मा दिने ।

१. सदस्यः श्री हेराम खड्का        वडा अध्यक्ष वडा नं ३ (विधेयक समिति संयोजक)
२. सदस्यः श्री बिरेन्द्र बस्नेत        वडा अध्यक्ष वडा नं ५
३. सदस्यः श्री पूर्ण बहादुर मल्ला        वडा अध्यक्ष वडा नं ६

**निर्णय नं. ६,**

सिस्ने गाउँपालिका वडा नं ५, काजिन्दा, रुकुमकोट मा रहेको बसपार्कको जग्गा तत्कालिन सिस्ने हिमाल बस तथा मिनिबस यातायात समिति मुसिकोट-०१, को नाममा दर्ता श्रेस्ता कायम भएको र उक्त समिति निस्क्रिय रहेकोले उक्त बसपार्क सञ्चालनका लागि जग्गा उपलब्ध गराउने जग्गा दाताहरुको पालिकालाई मिति २०८१ चैत्र २५ गते प्राप्त पत्र तथा रुकुमकोट यातायात सेवा प्रा.

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

CamScanner

२०८१ चैत्र ३०　　　　कार्यपालिका बैठक कक्ष　　　　बैठक संख्या: १२/२०८१/०८२

लि. सिस्ने- ६ रुकुम (पूर्वी भाग) को च.नं. १० मिति: २०८१ चैत्र २५ को प्राप्त पत्र अनुसार उक्त बसपार्क छिटो सञ्चालन गर्न अनुरोध गरेको पालिकाले उक्त बसपार्क स्तरउन्नती कार्यमा बजेट खर्च गर्न नमिल्ने भइ मिति: २०८१ चैत्र ११ गतेको नयाँ युगबोध राष्ट्रिय दैनिक र पालिकाको वेवसाइट मार्फत सार्वजनिक सूचना गरी उक्त समितिसँग आवद्ध व्यक्तिहरु सम्पर्कमा आइ समन्वय गर्न अनुरोध गर्दा पनि सम्पर्कमा नआएकोले उक्त बसपार्क सार्वजनिक सरोकारको विषय भएकाले उक्त निस्क्रिय समिति र सोको सम्पत्ती के हुने भन्ने विषयमा आवश्यक सहजीकरण गरीदिनु हुन जिल्ला प्रशासन कार्यालय, रुकुम (पूर्वी भाग) लाई अनुरोध गर्ने ।

निर्णय प्रमाणित

२०८१/१२/३०
रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष